# नेपाल उद्योग वाणिज्य संघ काठमाडौँ

**Nepal Chamber of Industries and Commerce Kathmandu (NCICK)**

कान्तिपथ , जमल ,   इमेल : ncickathmandu@gmail.com

जि. प्र. का. द. नं.  १५० /०७५/५/२९  ,फोन नं. :-४१६३५३०

मिति : ११ /०६ /०८१

## प्रेश विज्ञप्ति

## हार्दिक अपिल

श्री सम्पूर्ण उद्योगी व्यवसायी ज्यू ,

केही वर्ष देखी वस्तु र सेवाको मागमा आएको ऱ्हासका कारण विषम परिस्थितिमा रहेको उद्योग , व्यापार र व्यवसायहरु चाड पर्वमा माग वृद्धी भै व्यवसाय वृद्धी हुनेमा आशावादी हुनु स्वभाविक नै हो । हामी उत्पादक , वितरक र व्यापारी मात्र नभई उपभोक्ता पनि हौं । त्यसैले, चाडपर्वको यो समयमा उपभोक्ताहरूको हक हितलाई ध्यानमा राखी सुलभ र सुपथ मूल्यमा वस्तु तथा सेवा उपलब्ध गराउँदै संयमित भएर व्यापार व्यवसाय गर्न हार्दिक अनुरोध गर्दछौं ।  साथै व्यवसायको प्रकृति अनुसार ग्राहकलाई अतिरिक्त सेवा छुट सुविधा दिई व्यापार बढाऔं ।

हाम्रो व्यापारिक गतिविधिहरूमा जिम्मेवार पूर्वक पारदर्शिता र इमानदारी कायम गर्दै उपभोक्ताहरूको हितलाई ध्यानमा राखी कार्य गर्नु हाम्रो कर्तव्य हो । अत : सबै व्यवसायी मित्रहरुले उपभोक्ता संरक्षण ऐन विपरितका कार्यहरु नगर्न हुन समेत अनुरोध गर्दै यस बडा दशैं , दिपावली र छठ पर्वको सबैमा शुभकामना व्यक्त गर्दछौं । चाडपर्वहरूलाई खुसीयाली र सद्भावनामा मनाऔं ।

भवदीय ,

दिनेश श्रेष्ठ

अध्यक्ष

नेपाल उद्योग वाणिज्य संघ काठमाडौं